स्वीकृत मितिः

................................ इन्स्योरेन्स कम्पनी लिमिटेड

## तरकारी खेती बीमालेख
## (उत्पादनमा आधारित)

यस बीमालेखमा उल्लेख भएको तरकारी खेतीमा हुने क्षति विरूद्ध बीमा गर्नको लागि बीमितले बीमाशुल्क भुक्तानी गरेको हुनाले बीमितले गरेको प्रस्ताव फाराम तथा उद्घोषणको आधारमा बीमा ऐन, २०७९ को अधिनमा रही बीमक श्री .................. ले यो बीमालेख जारी गरेको छ ।

### परिच्छेद -१
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस बीमालेखको नाम "तरकारी खेती बीमालेख" रहेको छ।

(२) यो बीमालेख बीमितले बीमाशुल्क भुक्तानी गरेपश्चात प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस बीमालेखमा,-

(क) "अप्रत्यक्ष क्षति" भन्नाले बीमा गरिएको जोखिमको कारणले हुने अप्रत्यक्ष वा एउटा घटनाको परिणामस्वरूप हुने अन्य क्षति सम्झनु पर्छ।

(ख) "अभिलेख" भन्नाले यस बीमालेखमा उल्लेख भएको तरकारी खेती रोपणको लागि प्रयोग गरिने बिरुवा वा बीउको श्रोत र उत्पादन अवस्था, गोडमेल, मलजल, सिंचाई, फल टिपाई र अन्य खेती सम्बन्धी गतिविधिहरुको विवरण कायम गरेको अभिलेख सम्झनु पर्छ ।

(ग) "उन्मोचित (Release)/ सुचीकृत" भन्नाले नेपालमा जातीय विकास गरी नेपाल सरकारको राजपत्रमा प्रकाशन गरी खेतीका लागि सिफारिस गरिएका जात सम्झनु पर्छ।

(घ) "चलन चल्तीबाट स्थापित जातहरू" भन्नाले बीउ बिजन ऐन, २०४५ बमोजिम राष्ट्रिय बीउ बिजन समितिबाट उन्मोचित (रिलिज) अथवा सिफारिस गरिएका जातहरू बाहेक सम्बन्धित स्थानमा कम्तीमा दश वर्षदेखि खेती हुँदै आएका अन्य जातहरु सम्झनु पर्छ ।

(ङ) "तरकारी खेती" भन्नाले अनुसूची-१ मा उल्लेखित तरकारी बालीहरुको खेती सम्झनु पर्छ।

(च) "दावी" भन्नाले बीमा गरिएको तरकारी खेतीको क्षति बापत बीमितद्वारा माग गरिएको क्षतिपूर्ति रकम सम्झनु पर्छ।

(छ) "दुर्घटना" भन्नाले बाहिरी आँखाले स्पष्ट देख्न सकिने, सांघातिक, आकस्मिक र अप्रत्याशित घटना सम्झनु पर्छ।

(ज) "पंञ्जीकृत (Registration)" भन्नाले नेपालमा जातीय विकास भएको वा बाहिरबाट ल्याइएका जातहरुलाई कम्तिमा दुई सिजनको तथ्याङ्क/प्राविधिक तथ्याङ्क प्रयोग गरी नेपालमा खेती गर्न सकिने गरी नेपाल सरकारद्वारा राजपत्रमा प्रकाशन गरिएका जातहरू भन्ने सम्झनु पर्छ।

(झ) "प्राविधिक" भन्नाले एस.एल.सी/एसईई वा सो सरहको परीक्षा उत्तिर्ण गरी कृषि विज्ञानमा कम्तीमा एक वर्षको तालिम प्राप्त वा कृषि विज्ञान विषय लिई टी.एस.एल.सी. वा कृषि विज्ञान

विषय लिई एस.एल.सी./एसईई वा सो सरहको परीक्षा उत्तीर्ण गरेको वा सोभन्दा माथिल्लो योग्यता प्राप्त व्यक्ति सम्झनु पर्छ।

(ञ) "प्राविधिक जाँच सिफारिस" भन्नाले बीमा गर्न प्रस्तावित तरकारी खेती बीमायोग्य छ वा छैन भनी प्राविधिकद्वारा अध्ययन, अवलोकन गरी सिफारिस गर्ने कार्य सम्झनु पर्छ।

(ट) "बीमक" भन्नाले बीमा ऐन, २०७९ बमोजिम बीमा व्यवसाय गर्न इजाजतपत्र प्राप्त निर्जीवन बीमा कम्पनी सम्झनु पर्छ।

(ठ) "बीमा अवधि" भन्नाले बीमालेखको अनुसूचीमा उल्लेख भए अनुसार बीमा जोखिम स्वीकार गरिने अवधि सम्झनु पर्छ।

(ड) "बीमाङ्क रकम" भन्नाले बीमालेख बमोजिम तरकारी खेतीको रक्षावरण गरिएको रकम सम्झनु पर्छ।

(ढ) "बीमालेख" भन्नाले बीमकले जारी गर्ने तरकारी खेतीको जोखिम स्वीकार गरी बीमितलाई जारी गरेको बीमाको लिखत सम्झनु पर्छ र सो शब्दले रसिद, प्रस्ताव फाराम, अनुसूची, तालिका लगायत बीमालेखसंग संलग्न कागजातहरू सम्झनु पर्छ।

(ण) "बीमाशुल्क" भन्नाले बीमालेखमा उल्लेख गरिएको तरकारी खेतीको बीमा गर्दा प्रतिफलको रूपमा बीमितबाट एकमुष्ठ वा किस्ताबन्दी रूपमा बीमकले लिने रकम सम्झनु पर्छ।

(त) "बीमित" भन्नाले तरकारी खेतीको बीमा गर्ने व्यक्ति सम्झनु पर्छ र सो शब्दले बीमालेखबाट लाभ लिन पाउने अधिकार भएको व्यक्तिलाई समेत जनाउँछ।

(थ) "रक्षावरण" भन्नाले बीमालेखमा उल्लेख भएको तरकारी खेतीमा भएको क्षतिको क्षतिपूर्ति प्रदान गर्नको लागि बीमकले मञ्जुर गरेको अवस्था सम्झनु पर्छ।

(द) "राष्ट्रिय बीउ बिजन समिति" भन्नाले बीउ बिजन ऐन, २०४५ को दफा ३ बमोजिम गठन भएको राष्ट्रिय बीउ बिजन समिति सम्झनु पर्छ।

(ध) "क्षति" भन्नाले यस बीमालेखको दफा ३ बमोजिम रक्षावरण गरिएको जोखिमका कारणले हुने क्षति सम्झनु पर्छ।

(न) "क्षतिपूर्ति" भन्नाले बीमालेखमा उल्लेख भए अनुरूप बीमकले बीमितलाई क्षतिपूर्ति वापत भुक्तानी गर्ने दावी रकम सम्झनु पर्छ।

(प) "क्षति मूल्याङ्कनकर्ता" भन्नाले यस बीमालेखमा हुने क्षतिको मूल्याङ्कन गर्नका लागि कृषि, पशुपन्छी तथा जडिबुटी बीमा निर्देशिका अनुसार योग्यता पुगेका प्राविधिक व्यक्ति वा संस्था सम्झनु पर्छ।

(फ) "क्षति मूल्याङ्कन प्रतिवेदन" भन्नाले यस बीमालेख बमोजिम बीमक वा क्षति मूल्याङ्कनकर्ताले तरकारी खेतीमा क्षति, नष्ट वा नास भई आर्थिक क्षति भएको भनी यकिन गरी दिएको प्रतिवेदन सम्झनु पर्छ।

## परिच्छेद-२
## रक्षावरण

३. रक्षावरण: (१) यस बीमालेख अन्तर्गत रक्षावरण गरिएको तरकारी खेतीमा बीमा अवधि भित्र देहायका कारणबाट क्षति भएमा बीमकले क्षतिपूर्ति प्रदान गर्नेछः-

(क) आगलागी वा अग्निको कारणले भएको क्षति।

(ख) हावाजन्य क्षतिः

(अ) हुरीबतासको कारणले भएको क्षति,

(आ) आँधिबेहरी वा तुफानको कारणले भएको क्षति।

(ग) जल उत्पन्न तथा मौसमजन्य क्षतिः

(अ) अतिवृष्टि वा बेमौसमी वर्षाको कारणले भएको क्षति,

(आ) असिना वा हिउँको कारणले भएको क्षति,

(इ) बाढी तथा डुवानको कारणले भएको क्षति,

(ई) खडेरीको कारणले भएको क्षति,

(उ) तुसारोको कारणले भएको क्षति,

(ऊ) शितलहरको कारणले भएको क्षति।

(घ) भूमिजन्य क्षतिः

(अ) भूकम्पको कारणले भएको क्षति,

(आ) पहिरो वा भू-स्खलनको कारणले भएको क्षति।

(ङ) चट्याङ्गको कारणले भएको क्षति।

(च) रोग तथा किराको कारणले भएको क्षति।

(छ) आकस्मिक वा दुर्घटनाजन्य बाह्य कारणबाट हुने क्षति।

(ज) जंगली जनावरको आक्रमण (खाएर वा कुल्चिएर वा माडेर वा खोस्रेर वा उधिनेर वा झारेर) बाट भएको क्षति।

४. दुर्घटना बीमा : (१) बीमितले न्यूनतम दुई लाख रूपैयाँ बराबरको दुर्घटना बीमा गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम बीमा गर्दा दुई सय रूपैंया बीमा शुल्क लाग्नेछ र त्यस्तो बीमा शुल्कमा अनुदान उपलब्ध हुने छैन।

(३) एक वर्षभन्दा कम अवधिको लागि जारी हुने बीमालेखमा समेत उपदफा (२) बमोजिमको बीमाशुल्क लाग्नेछ।

(४) एक वर्ष वा सो भन्दा कम अवधिको लागि जारी हुने बीमालेखमा दुर्घटना बीमाको अवधि एक वर्षको हुनेछ।

(५) एकभन्दा बढी कृषि, पशुपन्छी तथा जडिबुटी बीमालेख लिने बीमितको दुर्घटना बीमाको अवधि बाँकी रहेको अवस्थामा पुनः अर्को दुर्घटना बीमालेख लिन अनिवार्य हुने छैन।

तर दुर्घटना बीमाको अवधि समाप्त हुन अगावै कृषकलाई जानकारी गराउने जिम्मेवारी बीमकको हुनेछ।

(६) दफा १० बमोजिम बीमालेख रद्द भएको अवस्थामा समेत उपदफा (४) बमोजिमको अवधिसम्म दुर्घटना बीमा रहनेछ ।

(७) सामूहिक रुपमा गरिएको बीमाको हकमा बीमालेखमा आवद्ध प्रत्येक व्यक्तिको छुट्टाछुट्टै दुर्घटना बीमा गर्नु पर्नेछ र सोको विस्तृत विवरण **अनुसूची-२** बमोजिम राख्नु पर्नेछ ।

५. बीमाङ्क रकम भुक्तानी गर्नु पर्ने: दुर्घटना बीमा अवधि भित्र बीमितको देहायको अवस्था सिर्जना भएमा दुर्घटना बीमा बापत बीमकले बीमितलाई बीमाङ्क रकम भुक्तानी गर्नु पर्नेछः-

(क) आत्महत्या बाहेक अन्य कुनै पनि दुर्घटनाको कारणले मृत्यु भएमा,
(ख) स्पाइनल इन्जुरीको कारण पुनः ठीक नहुने गरी रिढको हड्डी काम नलाग्ने भएमा,
(ग) एक वा दुबै हातको नाडी देखि माथि पूरै हात काम नलाग्ने भएमा,
(घ) एक वा दुबै खुट्टाको गोली गाँठो देखि माथि पूरै खुट्टा काम नलाग्ने भएमा,
(ङ) दुवै आँखाको दृष्टि गुमेमा।

६. अपवाद:(१) यस बीमालेखमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायका कारणबाट हुने क्षतिको क्षतिपूर्ति बीमकले प्रदान गर्ने छैनः-

(क) तरकारी खेतीबाट भएको क्षतिको कारणबाट हुने अन्य अप्रत्यक्ष क्षति भएमा,
(ख) अधिकार प्राप्त निकायको आदेशमा तरकारी खेती नष्ट गरिएमा,
(ग) विकिरणयुक्त पदार्थ वा विकिरणयुक्त फोहोरको संसर्ग (कन्टामिनेशन) बाट तरकारी खेती क्षति भएमा,
(घ) आणविक, रासायनिक तथा जैविक आम विनासकारी हतियारको प्रयोगबाट तरकारी खेती क्षति भएमा,
(ङ) सैनिक विद्रोह, शक्ति अपहरण, घेराबन्दी वा युद्ध, आक्रमण, विदेशी सैन्य कारवाही वा कुनै युद्ध सरहको कारवाही वा गृहयुद्ध वा राजद्रोह वा सो सरहको अवस्थाको कारणले तरकारी खेतीमा क्षति भएमा।

(२) उपदफा (१) को अतिरिक्त देहायको कारणले भएको अन्य क्षतिको क्षतिपूर्ति बीमकले प्रदान गर्ने छैनः

(क) बीमितले प्रस्ताव फाराममा विवरण दिंदा झुठ्ठा विवरण दिएमा वा जोखिम मूल्याङकन गर्नका लागि आवश्यक पर्ने वास्तविकता लुकाई झुठ्ठा कुरा उल्लेख गरेमा,
(ख) बीमा गरिएको तरकारी खेती चोरी भएमा,
(ग) बीमितले वा निजको एकाघरका परिवारका सदस्य वा कर्मचारी वा कामदारले जानाजान वा मनोरञ्जनको उद्देश्य वा परीक्षण वा लापरवाहीको कारणले तरकारी खेतीमा क्षति पुऱ्याइएमा,
(घ) बीमित वा निजको एकाघरका परिवारका सदस्य वा कर्मचारी वा कामदारले रिसइबी पूर्ण व्यवहारको कारणबाट तरकारी खेतीमा क्षति भएमा,

(ङ) कुनै प्रकारको महामारीको प्रकोप भएको भनि अधिकार प्राप्त निकायबाट घोषणा भएको क्षेत्रमा बीमा गरिएको तरकारी खेतीमा उक्त महामारीबाट क्षति भएमा,

(च) बीउको कारणबाट क्षति भएमा,

(छ) नेपाल सरकारबाट उन्मोचित (रिलीज) वा सूचिकृत गरिएका तरकारीका जात वा चलनचल्तीबाट स्थापित जातहरू बाहेक अन्य जातको बीउ प्रयोग गरिएमा,

(ज) उन्मोचित (रिलीज) तथा सिफारिस जातहरूको हकमा जात अनुसारको सिफारिस क्षेत्र फरक पारी बाली लगाएमा।

## परिच्छेद-३
## बीमालेख तथा बीमा सम्बन्धी शर्त

७. प्रस्ताव फाराम बुझाउनु पर्ने : (१) बीमालेख खरिद गर्नु पूर्व बीमितले अनुसूची-३ बमोजिमको प्रस्ताव फाराम पूर्ण रूपमा भरी बीमकलाई बुझाउनु पर्नेछ।

(२) बीमितले उपदफा (१) बमोजिमको प्रस्ताव फाराम बुझाउँदा अनुसूची-४ बमोजिम सम्बन्धित प्राविधिकले बीमा गर्न प्रस्तावित तरकारी खेती प्राविधिक रूपमा खेती योग्य वा बीमा योग्य छ वा छैन भनी प्राविधिक जाँच सिफारिसपत्र प्राप्त गरेको हुनु पर्नेछ।

८. बीमालेख जारी गर्ने: (१) दफा ७ बमोजिम प्रस्ताव फाराम तथा प्राविधिक जाँच सिफारिसपत्र प्राप्त भए पछि बीमकले बीमालेख जारी गर्नु पर्नेछ।

(२) तरकारी खेतीको बीमा उत्पादनको आधारमा गरिनेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बीमितले अनुदान बाहेकको बीमाशुल्क बापत भुक्तानी गरेको रकम बीमकको बैंक खातामा प्राप्त नभएसम्म बीमकले बीमालेख जारी गर्न पाउने छैन।

९. पुनःजाँच परीक्षण तथा निरीक्षण गर्नु पर्ने: दफा ८ बमोजिम बीमालेख जारी भए पश्चात प्राविधिकले बीमा अवधि भित्र बीमा गर्न सिफारिस गरेको तरकारी खेतीको कम्तीमा एक पटक पुनः जाँच परीक्षण तथा निरीक्षण गरी सोको प्रतिवेदन अनुसूची-५ बमोजिम बीमकलाई दिनु पर्नेछ र बीमकले उक्त जाँच परीक्षणको प्रतिवेदन समेत बीमालेखसँग संलग्न गरी राख्नु पर्नेछ।

१०. बीमालेख रद्द हुने अवस्था:(१) बीमकले देहायको अवस्थामा बीमालेख रद्द गर्न सक्नेछः-

(क) दफा ९ बमोजिम पुनः जाँच परीक्षण गर्दा बीमितले शर्तहरु पूरा गरेको नपाइएमा,

(ख) बीमितले बीमालेखको शर्त उल्लंघन गरेमा,

(ग) बीमाको मूलभूत विवरण ढाँटेको वा गलत ढंगले उल्लेख गरेमा,

(घ) बीमा गरेको तरकारी खेतीलाई उचित हेरचाह नगरी लापरवाही गरेमा,

(ङ) बीमा गरेको तरकारी खेती त्याग गरेमा,

(च) गैरकानूनी तवरले बीमा गराएमा,

(छ) बीमायोग्य हित कायम नभएमा।

(२) उपदफा (१) बमोजिम बीमालेख रद्द गर्दा बीमकले बीमालेख रद्द गर्नाको कारण समेत खुलाउनु पर्नेछ।

(३) बीमालेख रद्द गर्नु अघि बीमकले बीमितलाई कम्तीमा सात दिनको समय दिई सफाई पेश गर्ने मौका दिनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम बीमालेख रद्द गरिएमा सोको जानकारी बीमकले पन्ध्र दिन भित्र प्राधिकरणमा दिनु पर्नेछ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बीमितले अनुरोध गरेमा बीमकले बीमालेख रद्द गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिम बीमालेख रद्द गर्दा अनुदान प्राप्त नहुने बीमितलाई बाँकी अवधिको समानुपातिक बीमाशुल्क फिर्ता गर्नुपर्नेछ र अनुदान प्राप्त हुने बीमितलाई कुनै रकम फिर्ता गर्नुपर्ने छैन।

११. <u>योगदान:</u> (१) यस बीमालेख अन्तर्गत तरकारी खेतीको बीमा गर्दा एउटा मात्र बीमकमा बीमा गर्नु पर्नेछ।

(२) बीमा गरिएको तरकारी खेतीको बीमा कुनै कारणवश अन्य बीमकमा समेत भएको रहेछ र त्यस्तो तरकारी खेतीको आंशिक वा पूरा अंश दावी परेमा बीमकले आफ्नो भागको क्षतिपूर्ति रकम समानुपातिक रूपमा प्रदान गर्नेछ।

१२. <u>प्रत्यासन:</u> (१) बीमा गरिएको तरकारी खेतीको क्षति बापत बीमितले बीमक बाहेक अन्य पक्षबाट समेत क्षतिपूर्ति पाउने रहेछ भने बीमकबाट क्षतिपूर्ति प्राप्त गर्दा अन्य पक्षबाट क्षतिपूर्ति पाउने अधिकार बीमितले बीमकलाई सुम्पनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम अन्य पक्षबाट क्षतिपूर्ति प्राप्त गर्नका लागि बीमकले जुनसुकै समयमा पनि उपयुक्त र आवश्यक कारवाही गर्न सक्नेछ।

१३. <u>स्वामित्व परिवर्तन:</u> (१) बीमितले आफूले गरेको तरकारी खेतीको आँशिक वा पूर्ण स्वामित्व परिवर्तन वा हस्तान्तरण गरेको खण्डमा बीमकलाई तीस दिन भित्र जानकारी गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम जानकारी प्राप्त भएपश्चात बीमकले सो कुराको जानकारी प्राप्त भएको मितिले पन्ध्र दिन भित्र स्वामित्व ग्रहण गर्ने व्यक्तिको नाममा निःशुल्क बीमालेखको नामसारी गरी दिनु पर्नेछ।

१४. <u>बीमालेखको पुनर्स्थापना:</u> तरकारी खेती बीमालेख अन्तर्गत दावी परेपश्चात बाँकी बीमाङ्क रकमको पुनर्स्थापना गर्न पाइने छैन।

१५. <u>बीमालेखको अवधि:</u> (१) तरकारी खेती बीमालेख जारी गर्दा घण्टा र मिनेट खुल्ने गरी समय उल्लेख गर्नु पर्नेछ।

(२) बीमालेख जारी भएको मिति र जोखिम प्रारम्भ भएको मिति फरक हुने गरी बीमालेख जारी गर्न पाइने छैन।

(३) बीमालेखको अवधि अनुसूची-१ मा तोकिए बमोजिमको बाली अवधि अनुसार हुनेछ।

(४) बीमालेखको अवधि समाप्त हुने मितिको मध्यरात बाह्र बजे बीमा अवधि समाप्त हुनेछ।

(५) बीमकले बीमा अवधि समाप्त हुनु अगावै बीमा अवधि समाप्त हुन लागेको सूचना जुनसुकै माध्यमबाट बीमितलाई दिन सक्नेछ।

१६. बीमकको कर्तव्य: (१) यस बीमालेखमा उल्लेख भएका सम्पूर्ण शर्तहरू बीमकले पालना गर्नु पर्नेछ।

(२) बीमालेख जारी गर्नु पूर्व बीमा गरिने तरकारी खेती समेटिएको विभिन्न कोणबाट खिचिएको कम्तीमा पाँच वटा फोटो र कम्तीमा एक मिनेटको भिडियो क्लिप प्रस्ताव फारामसँगै प्राप्त गरेको हुनु पर्नेछ ।

(३) बीमितको हकहित विरूद्ध कुनै काम गरी क्षति पुऱ्याउनु हुँदैन।

(४) बीमकले यस बीमालेख बमोजिम तरकारी खेतीको बीमा गर्दा शर्त पूरा नगरी बीमा गरेको रहेछ भने बीमकले दावीको समयमा शर्त पूरा नभएको भनी दावी भुक्तानी अस्वीकार गर्न पाउने छैन।

(५) बीमालेख जारी गर्दा वा बीमा दावी फछ्र्यौट गर्दा आवश्यक पर्ने सम्पूर्ण विवरण तथा कागजात, फोटो तथा भिडियो आदि सुरक्षित रूपमा अभिलेख राख्नु पर्नेछ।

(६) बीमकले बीमितलाई यस बीमालेखसंग सम्बन्धित आवश्यक तथ्याङ्क, अभिलेख, अनुसूची र सन्दर्भ सामग्रीको सम्पूर्ण जानकारी दिनु पर्नेछ।

(७) यस बीमालेख बमोजिम तरकारी खेतीको बीमा गर्दा दफा २३ बमोजिम बीमितले शर्त पालना गरे नगरेको यकिन गर्ने दायित्व बीमकको हुनेछ।

१७. बीमितको दायित्व: (१)यस बीमालेखमा उल्लेख भएका सम्पूर्ण शर्तहरूको बीमितले पूर्णरूपले पालना गर्नु पर्नेछ।

(२) बीमक वा तोकिएको संस्थाका आधिकारिक प्रतिनिधिलाई बीमितले बीमा गरिएको तारकारी खेतीको अनुगमन तथा निरीक्षण गर्न दिनु पर्नेछ।

(३) दावी, छानबिन, अनुसन्धान वा क्षति मूल्याङ्कनको क्रममा प्रहरी, बीमक तथा अन्य अधिकार प्राप्त निकायलाई पूर्ण रूपमा सहयोग गर्नु पर्नेछ।

(४) दावी यकिन गर्नका लागि बीमितले आवश्यक प्रमाण जुटाउन बीमकलाई सहयोग गर्नु पर्नेछ।

१८. बीमा गर्न नपाइने: एउटै क्षेत्रफलमा लगाइएको तरकारी खेतीको आंशिक रूपमा बीमा गर्न पाइने छैन।

## परिच्छेद ४
## बीमाङ्क तथा बीमाशुल्क

१९. बीमाङ्क निर्धारण: तरकारी खेतीको बीमाङ्क निर्धारणका लागि **अनुसूची-६** मा भएको तालिकालाई आधार मान्नु पर्नेछ।

२०. बीमाङ्क परिवर्तन: (१) बीमालेख जारी भईसके पश्चात बीमाङ्क रकम परिवर्तन गर्न पाइने छैन।

(२) बीमा अवधिभित्र बीमा गर्नु पर्ने तरकारी खेती थप गर्नु परेमा त्यसरी थप गरिने तरकारी खेतीको लागि छुट्टै बीमालेख जारी गर्नु पर्नेछ।

२१. बीमा शुल्क र गणना: (१) यस बीमालेख बमोजिम जारी हुने तरकारी खेतीको बीमाशुल्क **सात** प्रतिशतका दरले लाग्नेछ।

(२) उपदफा (१) बमोजिम गरिने तरकारी खेतीको बीमाशुल्क गणना अनुसूची-७ बमोजिमको सुत्रलाई आधार मानेर गरिनेछ।

२२. सामूहिक बीमाः(१) तरकारी खेतीको बीमा सामूहिक रूपमा गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम सामूहिक बीमालेख जारी गर्दा बीमालेख धारक संस्थाले प्रत्येक बीमितको छुट्टा छुट्टै प्रस्ताव फाराम भर्नु पर्नेछ।

(३) सामूहिक बीमालेख जारी गरे पश्चात बीमालेख धारक संस्थाले प्रत्येक बीमितको छुट्टाछुट्टै तरकारी खेतीको अभिलेख कायम गर्नु पर्नेछ।

## परिच्छेद -५
## बीमालेख सम्बन्धी प्राविधिक व्यवस्था

२३. बीमितिले पालना गर्नुपर्नेः तरकारी खेतीको बीमा गर्दा बीमितले देहायका शर्त पालना गर्नु पर्नेछः-

(क) तरकारी खेतीका लागि प्रयोग गरिने बीउको श्रोत नेपाल सरकारबाट स्वीकृत प्राप्त सरकारी, अर्ध सरकारी निकाय वा निजी क्षेत्र, कृषक समूह, कृषि सहकारीको हुनु पर्ने तथा तरकारी खेतीको लागि लगाईने जात राष्ट्रिय बीउ बीजन समितिबाट उन्मोचित (रिलीज) वा सूचीकृत भई नेपाल सरकारबाट क्षेत्रगत सिफारिस गरिएको जात हुनु पर्ने,

(ख) नेपाल बाहेक अन्य मुलुकबाट रोपण सामग्री खरिद गरि ल्याईएको हकमा रोपण सामग्रीको विवरण खुल्ने प्रमाणित कागजात, खरिद बील, भन्सार र आयात स्वीकृत प्रमाणपत्र तथा प्रचलित कानून बमोजिमको फाइटोस्यानिटरी प्रमाणपत्र प्राप्त गरेको हुनु पर्ने,

(ग) तरकारी खेती प्राविधिकबाट तोकिएको मापदण्ड अनुसार लगाइएको हुनु पर्ने,

(घ) तरकारी खेती गर्दा सिफारिस गरिएको प्याकेज तथा अभ्यास अनुसार झारपातको व्यवस्थापन र जमिनको तयारी उचित किसिमले भएको हुनु पर्ने,

(ङ) रोपण गरेको बिरूवामा नियमित खन जोत, सिंचाई तथा गोडमेल गरिएको हुनु पर्ने,

(च) बेर्ना लगाईने तरकारी बालीको हकमा १० दिन भित्र र बीउ छरी लगाइने तरकारी बालीको हकमा बीउ उम्रेको १० दिन भित्र बीमा गरिसक्नु पर्ने,

(छ) अन्तर बाली र मिश्रित बाली लगाइएको हकमा मुख्य बालीको मात्र बीमा गर्नु पर्ने,

(ज) बीमा गरिएको तरकारी खेतीमा कुनै रोग वा कीरा/झारपात/सुक्ष्म तत्वको कमी भएमा बीमितले तत्काल आफ्नै खर्चमा उचित स्याहार, रेखदेख तथा व्यवस्थापन गराई सोको अभिलेख वा विवरण सुरक्षित रूपमा राख्नु पर्ने,

(झ) तरकारी खेती गर्दा पालना गर्नुपर्ने प्राविधिक व्यवस्थाको अनुसूची-८ बमोजिम अभिलेख राखिएको हुनु पर्ने।

परिच्छेद -७

दावी

२४. <u>क्षतिको सूचनाः</u> (१) यस बीमालेखले रक्षावरण गरेको तरकारी खेतीको क्षति भएमा क्षति भएको तीन दिन भित्र बीमितले बीमकलाई टेलिफोन, एसएमएस, लिखित पत्र, ईमेल, फ्याक्स वा अन्य कुनै माध्यमबाट सोको जानकारी गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको त्यस्तो जानकारी प्राप्त भए पश्चात क्षति मूल्याङ्कनकर्ताले निरीक्षण गर्न सक्ने हुँदा सो अवधिसम्म क्षति भएको स्थानलाई सुरक्षित गरी राख्नु पर्नेछ।

२५. <u>दावी सम्बन्धी प्रक्रियाको लागि आवश्यक कागजातहरूः</u> बीमितले दावी भुक्तानी प्रक्रियाको लागि बीमकलाई देहाय बमोजिमको कागजातहरू पेश गर्नु पर्नेछः-

(क) पूर्ण रूपले भरिएको दावी फाराम,

(ख) पूर्ण क्षतिको हकमा सक्कल बीमालेखको प्रति र आंशिक क्षतिको हकमा बीमालेखको छाँयाप्रति,

(ग) सर्जमिन मुचुल्का (मुचुल्कामा कम्तीमा पाँचजना व्यक्तिको हस्ताक्षर र हस्ताक्षर गर्ने सबैको नाम, थर, ठेगाना र सम्पर्क नम्बर समेत खुलेको हुनु पर्ने),

(घ) <u>स्थानीय तहको कृषि सम्बन्धी सेवा दिने प्राविधिक वा शाखा वा त्यस्तो सेवा दिने प्राविधिक वा</u> शाखा नभएको अवस्थामा वडा कार्यालयले क्षति भएको भनी गरेको सिफारिस,

(ङ) यस बीमालेखमा उल्लेख भएको अनुसूची-८ बमोजिमको अद्यावधिक अभिलेखको प्रति।

२६. <u>दावीः</u>(१) बीमितले दफा २५ बमोजिमका कागजात सहित बीमक समक्ष बीमा दावी गर्नु पर्नेछ।

(२) बीमकले तरकारी खेतीको दावी भुक्तानी गर्दा अनुसूची-९ बमोजिमको दावी भुक्तानी तालिकालाई आधार मानी गर्नु पर्नेछ।

(३) तरकारी खेतीको क्षति भई दावी परेको अवस्थामा उक्त तरकारी बालीको क्षति तरकारी खेती बीमालेखको अनुसूची -९.३० मा उल्लेख भएको उत्पादकत्वको आधार अनुसार गणना गरिनेछ।

(४) बहु टिपाई **(Multiple Harvest)** प्रकृति भएका तरकारी बालीहरुको हकमा अनुसूची-९ मा उल्लेख भए अनुसारको बाली अवधि र टिपाई प्रतिशतलाई आधार मानि क्षति निर्धारण गरिनेछ।

२७. <u>दावी फछ्र्यौटः</u> (१) दफा २६ बमोजिम दावी परेपछि बीमकले तत्काल तरकारी खेती क्षतिको बीमा दावी भुक्तानी प्रक्रिया प्रारम्भ गर्नु पर्नेछ।

(२) बीमा दावी सम्बन्धी जानकारी वा सूचना प्राप्त भएपछि बीमकले दावी भुक्तानी प्रक्रिया पूरा गर्न बीमितलाई सहयोग गर्नु पर्नेछ।

(३) बीमकले उपदफा (१) बमोजिम तरकारी खेती बीमाको दावी सम्बन्धी आवश्यक कागजात प्राप्त भएपछि (बीमक आफैंले क्षति मूल्याङ्कन गर्ने अवस्थामा बाहेक) बीमितले क्षतिको जानकारी दिएको बढीमा सात दिन भित्र क्षति मूल्याङ्कनकर्तालाई खटाउनु पर्नेछ।

(४) क्षति मूल्याङ्कनकर्ताले बीमा गरिएको तरकारी खेतीको क्षति स्पष्ट देखिने गरी विभिन्न कोणबाट आफैंले खिचेको कम्तीमा पाँच वटा फोटो र कम्तीमा एक मिनेटको भिडियो क्लिप अनुसूची-१० बमोजिम क्षति मूल्याङ्कन प्रतिवेदनसंगै संलग्न गरेको हुनुपर्नेछ।

तर क्षति मूल्याङ्कनकर्ताले परिस्थितिजन्य अवस्थामा क्षतिको फोटो र भिडियो क्लिप आफैले खिच्न नसकेको अवस्थामा बीमितले खिचेको सम्बन्धित क्षतिको कम्तीमा पाँच वटा फोटो र कम्तीमा एक मिनेटसम्मको भिडियो क्लिप समावेश गर्न सकिनेछ।

(५) क्षति मूल्याङ्कनकर्ताले आफूलाई क्षति मूल्याङ्कन गर्न खटाएको पन्ध्र दिन भित्र भौतिक वा विद्युतीय स्वरूपमा क्षति मूल्याङ्कन प्रतिवेदन तयार गरी बीमक समक्ष पेश गर्नु पर्नेछ।

(६) क्षति मूल्याङ्कनकर्ताले गलत मूल्याङ्कन गरेको वा यस बीमालेखको वर्खिलाप हुने गरी कुनै कार्य गरेको पाइएको खण्डमा बीमकले प्राधिकरणको स्वीकृतिमा पुनः अर्को मूल्याङ्कनकर्तालाई क्षति मूल्याङ्कनका लागि खटाउन सक्नेछ।

(७) बीमक आफैंले क्षति मूल्याङ्कन गर्न सक्ने अवस्थामा समेत उपदफा (५) बमोजिमको अवधि भित्र क्षति मूल्याङ्कन गरी अनुसूची-१० बमोजिम क्षति मूल्याङ्कन प्रतिवेदन संलग्न गरेको हुनुपर्नेछ।

(८) क्षति मूल्याङ्कनकर्ताले क्षति मूल्याङ्कन प्रतिवेदन पेश गरेको पैंतीस दिन भित्र बीमकले दायित्व एकिन ठहर गरी बीमितलाई दावी भुक्तानी गर्नु पर्नेछ र बीमितले दावी बापत रकम नपाउने रहेछ भने कारण सहित बीमितलाई लिखित जानकारी दिनु पर्नेछ।

(९) उपदफा (८) बमोजिम बीमकले दावी भुक्तानी गर्दा घटना घटेको समयमा भएको वास्तविक क्षति वा बीमाङ्क रकम जुन कम हुन्छ सो बराबरको रकम मात्र दावी भुक्तानी गर्नु पर्नेछ।

(१०) बीमालेख अन्तर्गत दावी भुक्तानी योग्य रकमको दश प्रतिशत वा दश हजार रूपैयाँमध्ये जुन कम हुन्छ सो रकम घटाएर बीमा दावी भुक्तानी गरिनेछ।

परिच्छेद-८

## विविध

२८. बीमालेखमा प्रयोग भएका शब्दावलीको अर्थः बीमालेख सहित बीमा प्रस्ताव फाराम, अनुसूची, तालिका, बीमाशुल्क भुक्तानी रसिदलाई एकमुष्ठ तरकारी खेती बीमा करार वा बीमालेखको रूपमा बुझ्नु वा पढ्नु पर्नेछ र तिनलाई अलग्गै पढ्न, बुझ्न वा टुक्रयाएर बीमालेखको अर्थ लगाउन पाइने छैन।

२९. न्यूनतम क्षेत्रफलः (१) तरकारी खेती सम्बन्धमा बीमितले सुरक्षण गर्न पाउने बालीको न्यूनतम क्षेत्रफल कृषि, पशुपन्छी तथा जडिबुटि बीमा निर्देशिका, २०७९ मा उल्लेख भए बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम बीमा गरिने तरकारी खेती गरिएको जग्गाको कित्ता नं. उल्लेख गर्नु पर्नेछ। तर कित्ता नं. उल्लेख नभएको जग्गा वा ऐलानी जग्गा भएमा उक्त जग्गाको अवस्थिति यकिन हुने चार किल्ला वा स्थानीय तहले प्रदान गरेको संकेत नं. समेतका प्रमाण लिनु पर्नेछ।

३०. <u>उजुरी गर्न सक्नेः</u> देहायको अवस्था आईपरेमा बीमितले विस्तृत विवरण खुलाई प्राधिकरणमा उजुरी दिन सक्नेछः-

(क) बीमितले दिएको दावीको निवेदन बीमकले दर्ता नगरेमा,

(ख) बीमकले दावी वापतको रकम नदिएमा,

(ग)बीमकले भुक्तानी गर्न लागेको दावी वापतको रकम कम भएको भन्ने बीमितलाई लागेमा,

(घ)बीमित वा बीमालेख धारक बाहेक अन्य पक्षलाई दावी वापतको रकम भुक्तानी गरेमा,

(ङ)बीमा दावी सम्बन्धमा अन्य कुनै विवाद उत्पन्न भएमा।

३१. <u>अनसूचीमा हेरफेर गर्न सक्ने</u>ः प्राधिकरणको अध्यक्षले अनुसूचीमा आवश्यक हेरफेर तथा थपघट गर्न सक्नेछ।

**................इन्स्योरेन्स कम्पनी लिमिटेड**

**काठमाण्डौ, नेपाल**

**अनुसूची-१**

**(दफा २ को खण्ड (ङ) तथा दफा १५ को उपदफा ३ सँग सम्बन्धित)**

**तरकारी बालीको बर्गीकरण, प्रकार, उत्पादकत्व, बाली अवधि तथा बाली टिप्ने प्रकृति**

| क्र.सं | तरकारी बालीको बर्गीकरण | बालीको प्रकार | उत्पादकत्व (मे.टन/हे) [१] | बाली अवधि | बाली टिप्ने प्रकृति |
|---|---|---|---|---|---|
| १. | कन्दमूल समूह | | | | |
| १.१ | पिडालु | एक वर्षीय (बहु वर्षीय प्रकृति) | ११.५६ | ५-६ महिना | |
| १.२ | तरुल | एकवर्षीय (बहु वर्षीय प्रकृति) | १४.३९ | ८-१० महिना | |
| १.३ | सिमल तरुल | एकवर्षीय (बहु वर्षीय प्रकृति) | २५-३० (छोटो समयावधिमा तयार हुने जात)<br>३०-४०(लामो समयावधिमा तयार हुने जात) | ६-७ महिना<br>८-१० महिना | |
| १.४ | सखरखण्ड | एकवर्षीय (बहु वर्षीय प्रकृति) | १०.०<br>२०.८<br>१२.९१ | ८ महिना (स्थानीय जातको सखरखण्ड)<br>४-५ महिना (मध्य पहाड गर्मी याममा)<br>३.५- ५ महिना (सुन्तले जातको सखरखण्ड) | |
| १.५ | ओल | एकवर्षीय (बहु वर्षीय प्रकृति) | ५०-६० | ७-९ महिना | |
| १.६ | फूलतरुल | एकवर्षीय (बहु वर्षीय प्रकृति) | २२-५० | ८-१० महिना | |
| २. | लहरे समूह | **बाली को प्रकार (मौसमी, एक वर्षीय, बहुवर्षीय)** | **उत्पादकत्व (मे.टन/हे) [२]** | **बाली अवधि** | **बाली टिप्ने प्रकृति** |
| २.१ | काँक्रो (Cucumber) | एक वर्षीय | प्लाष्टिक घर भित्र-२५<br>बाहिर-१५.३२ | | बहु बाली टिपाई (Multiple Crop Harvesting) |
| २.२ | घिरौंला (Sponge Gourd) | एक वर्षीय | हाईब्रिड प्लाष्टिक घर भित्र-१८<br>बाहिर-१४<br>खुल्ला सेचित-११ | | बहु बाली टिपाई |
| २.३ | फर्सी (Pumpkin) | एक वर्षीय | खुल्ला सेचित-२०<br>हाईब्रिड बाहिर-५० | | बहु बाली टिपाई |

| | | | | | |
|---|---|---|---|---|---|
| २.४ | करेला (Bitter Gourd) | एक वर्षीय | खुल्ला सेचित<br>प्लाष्टिक घरभित्र-१८<br>बाहिर-१२<br>हाईब्रिड<br>प्लाष्टिक घरभित्र-४०<br>बाहिर-२८ | | बहु बाली टिपाई |
| २.५ | लौका (Bottle Gourd) | एक वर्षीय | खुल्ला सेचित<br>बाहिर-२०<br>हाईब्रिड<br>बाहिर-४५ | | बहु बाली टिपाई |
| २.६ | स्क्वास (Zucchini) Squash | एक वर्षीय | खुल्ला सेचित<br>प्लाष्टिक घरभित्र-१८<br>बाहिर-१५<br>हाईब्रिड<br>प्लाष्टिक घरभित्र-४०<br>बाहिर-३५ | | बहु बाली टिपाई |
| २.७ | परबल (Pointed Gourd) | एक वर्षीय | १३.३२ | | बहु बाली टिपाई |
| २.८ | इस्कुस (Chayote) | एक वर्षीय | ६० | | बहु बाली टिपाई |
| २.९ | चिचिन्डा (Snake Gourd) | एक वर्षीय | ११.८६ | | बहु बाली टिपाई |
| २.१० | पाटे घिरौंला (Ridge Gourd) | एक वर्षीय | १२.६५ | | बहु बाली टिपाई |
| २.११ | कुभिन्डो (Ash Gourd) | एक वर्षीय | १३.९९ | | बहु बाली टिपाई |
| २.१२ | बरेला (Balsam Gourd) | एक वर्षीय | ९.५५ | | बहु बाली टिपाई |
| २.१३ | ककडी (Armenian Cucumber) | एक वर्षीय | १३.५८ | | बहु बाली टिपाई |
| २.१४ | कुन्द्रु (Ivy Gourd ) | एक वर्षीय | ७.८९ | | बहु बाली टिपाई |
| **३.** | **काउली समूह** | **बाली को प्रकार** | **उत्पादकत्व (मे.टन/हे)** [२] | **बाली अवधि** | **बाली टिप्ने प्रकृति** |
| ३.१ | काउली (Cauliflower) | एक वर्षीय | खुल्ला सेचित<br>बाहिर-२५<br>हाईब्रिड<br>बाहिर-४५ | | एकल बाली टिपाई<br>(Single Crop Harvesting) |
| ३.२ | बन्दा (Cabbage) | एक वर्षीय | खुल्ला सेचित<br>बाहिर-४०<br>हाईब्रिड<br>बाहिर-५५ | | |
| ३.३ | ब्रोकाउली (Broccoli) | एक वर्षीय | खुल्ला सेचित<br>बाहिर-१०<br>हाईब्रिड<br>बाहिर-१६ | | |
| ३.४ | शलगम (Turnip) | एक वर्षीय | १२.३८ | | |
| ३.५ | ग्याँठ गोभी (lump Cabbage) | | १० | | |
| ४. | **जरे बाली समूह** | **बाली को प्रकार** | **उत्पादकत्व (मे.टन/हे)**[२] | **बाली अवधि** | **बाली टिप्ने प्रकृति** |
| ४.१ | मुला (Radish) | | खुल्ला सेचित<br>बाहिर-३०<br>हाईब्रिड<br>बाहिर-३५ | | एकल बाली टिपाई(Single CropHarvesting) |

| | | | | | |
|---|---|---|---|---|---|
| ४.२ | गाजर (Carrot) | | खुल्ला सेचित<br>बाहिर-१२<br>हाईब्रिड<br>बाहिर-२२ | | एकल बाली टिपाई(Single CropHarvesting) |
| ४.३ | सलगम (Turnip) | | १२.३८ | | एकल बाली टिपाई(Single CropHarvesting) |
| ४.४ | चुकन्दर (Beetroot) | | १५ | | एकल बाली टिपाई(Single CropHarvesting) |
| ५. | **फल बाली समूह** | **बाली को प्रकार** | **उत्पादकत्व (मे.टन/हे)**[२] | **बाली अवधि** | **बाली टिप्ने प्रकृति** |
| ५.१ | गोलभेडा/टमाटर (Tomato) | | (क) प्लाष्टिक घरभित्र सिर्जना-७५<br>हाईब्रिड-४५<br>(ख) बाहिर<br>हाईब्रिड-२५<br>खुल्ला सेचित १८ | | बहु बाली टिपाई |
| ५.२ | भान्टा (Brinjal) | | खुल्ला सेचित<br>बाहिर-१६<br>हाईब्रिड<br>बाहिर-२१ | | बहु बाली टिपाई |
| ५.३ | भेडे खुर्सानी (Capsicum) | | हाईब्रिड<br>प्लाष्टिक घरभित्र-२५<br>बाहिर -१७ | | बहु बाली टिपाई |
| ५.४ | पिरो खुर्सानी (Chilli) | | खुल्ला सेचित<br>बाहिर-१५<br>हाईब्रिड<br>बाहिर-३५ | | बहु बाली टिपाई |
| ५.५ | अकबरे खुर्सानी (Hot Pepper) | | खुल्ला सेचित<br>बाहिर-७ | | बहु बाली टिपाई |
| ५.६ | भिंडी (Okra) | | खुल्ला सेचित<br>बाहिर-१५<br>हाईब्रिड<br>बाहिर-१० | | बहु बाली टिपाई |
| ६. | **सागपात बाली समूह** | **बाली को प्रकार** | **उत्पादकत्व (मे.टन/हे)**[२] | **बाली अवधि** | **बाली टिप्ने प्रकृति** |
| ६.१ | रायो (Broad Leaf Mustard) | | ३५ | | |
| ६.२ | चम्सुर (Garden cress) | | ८ | | |
| ६.३ | पालुंगो (Spinach) | | ३० | | |
| ६.४ | मेथी (Fenugreek) | | ८.०६ | | |
| ६.५ | स्विसचार्ड (Swiss Chard) | | ४० | | |
| ६.७ | जिरीको साग (Lettuce) | | ७.१५ | | |
| ७. | **गानो बाली समूह** | | | | |
| ७.१ | प्याज (Onion) | | खुल्ला सेचित<br>बाहिर-१५<br>हाईब्रिड<br>बाहिर-२५ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ७.२ | लसुन (Garlic) | | **१५** | | |
| ७.३ | श्यालोट (Shallots) | | | | |
| ७.४ | छ्यापी (Leeks) | | | | |
| ८. | **कोशे बाली समूह** | | | | |
| ८.१ | केराउ (Peas) | | खुल्ला सेचित<br>बाहिर-१०<br>हाईब्रिड<br>बाहिर-१५ | | बहु बाली टिपाई |
| ८.२ | घिउ सिमि (French Bean, /Pole /Bean) | | लहरा जाने -१६<br>लहरा नजाने-२१ | | बहु बाली टिपाई |
| ८.३ | झांगे सिमि (Bush Bean) | | **८.१३** | | बहु बाली टिपाई |
| ८.४ | बोडी (Cowpea/Asparagus Bean | | खुल्ला सेचित<br>बाहिर-५<br>हाईब्रिड<br>बाहिर-१० | | बहु बाली टिपाई |
| ८.५ | भटमास Soybean | | **७.९५** | | बहु बाली टिपाई |
| ८.६ | बकुल्ला Broad Bean | | **५.९९** | | बहु बाली टिपाई |
| ९. | **अन्य तरकारी बाली** | **बाली को प्रकार** | **उत्पादकत्व (मे.टन/हे)**[२] | **बाली अवधि** | **बाली टिप्ने प्रकृति** |
| ९.१ | कुरिलो Asparagus | बहुवर्षीय | खुल्ला सेचित<br>बाहिर-८<br>हाईब्रिड<br>बाहिर-१५ | | |

**स्रोतः**

(१) कन्दमूल खेती प्रबिधि,बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र,ललितपुर,२०७९

(२) राष्ट्रिय आलु, तरकारी तथा मसला बाली विकास केन्द्र,किर्तीपुर, काठमाडौं, २०७८

..............इन्स्योरेन्स कम्पनी लिमिटेड
काठमाण्डौ, नेपाल
अनुसूची- २
(दफा ४ को उपदफा (७) सँग सम्बन्धित)
तरकारी खेती सामुहिक बीमाको विस्तृत विवरण

बीमालेख धारक संस्थाको नामः .........
बीमालेख धारकको ठेगानाः .........
बीमालेख नं.: ..............................

| क्र. स. | बीमितको नाम | ठेगाना | सम्पर्क नं. | बीमा गरिएको तरकारी खेतीको विवरण | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

संस्थाको प्रतिनिधिको
हस्ताक्षर
नाम
पद
संस्थाको प्यान नं.
छाप
मिति

**................इन्स्योरेन्स कम्पनी लिमिटेड**

**काठमाण्डौ, नेपाल**

**अनुसूची-३**

**(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)**

**<u>तरकारी खेती बीमाको प्रस्ताव फाराम</u>**

(१) तरकारी खेती बीमा प्रस्तावक (व्यक्ति वा संस्था) को नामः.............................................

(२) प्रस्तावकको स्थायी ठेगानाः प्रदेश..................जिल्ला....................पालिका................ वडा नं.................
टोलः .................... सम्पर्क नं. ....................ईमेल..................................

(३) प्रस्तावित बीमाको किसिमः उत्पादनमा आधारित

(४) तल उल्लिखित विवरण तालिकामा भर्नुहोस्:-

| क्र.सं. | तरकारी खेती | | जात | तरकारी खेती | बीमा गर्ने बेलाको उत्पादन (के.जी.) |
|---|---|---|---|---|---|
| | व्यक्तिगत | सामूहिक | जात | | |
| | | | | | |
| | | | | | |

(५) तरकारी खेती गरिएको स्थानको विवरण तथा ठेगानाः
प्रदेश..................जिल्ला....................पालिका................वडा नं..................टोलः...................

(६) तरकारी खेती व्यक्तिगत वा सामूहिक के हो खुलाउनुहोस?

(७) सामूहिक भए निम्न विवरण भर्नुहोस्:
समूह वा बीमालेख धारकको नाम.................................... तरकारी खेती स्थान........................
ठेगानाः प्रदेश...............जिल्ला...............पालिका..............वडा नं. ................. कित्ता नं. .......... सम्पर्क नं.................

(८) तरकारी खेती गरेको मितिः .........................

(९) तपाईले यस अघि गर्नु भएको तरकारी खेतीमा किरा वा रोग लागेको थियो? ........................
यदि थियो भने, कति रकम बराबरको क्षति भएको थियो?
...........................................................................................

(१०) यदि किरा वा रोग बाहेक अन्य कारणबाट क्षति भएको थियो भने निम्न विवरण भर्नुहोस्:

| वर्ष | क्षतिको कारण | क्षतिको परिमाण |
|---|---|---|
| | | |

(११) यस अघि कुनै बीमा कम्पनीमा तरकारी खेतीको बीमा भएको भए सो बीमकको नाम र कति बीमाङ्क बराबरको बीमा भएको हो? उल्लेख गर्नुहोस् ।

| बीमकको नाम | बीमाङ्क रकम | प्राप्त दावी भुक्तानी रकम |
|---|---|---|
| | | |

(१२) कुनै बैंक वा वित्त कम्पनी वा सहकारीले उक्त तरकारी खेतीमा लगानी गरेको छ वा छैन? यदि छ भने उक्त बैंक वा वित्त कम्पनी वा सहकारी वा अन्य कुनै समूहको निम्न विवरण उल्लेख गर्नुहोस्:

नाम/ठेगानाः ........................................................

प्रदेश...................जिल्ला....................पालिका....................................

वडा नं.................टोलः.................... सम्पर्क नं...............................

लिएको वा लिन सम्झौता गरेको ऋणको रकमः रु.........................अक्षरेपी

.............................................................)

म/हामी माथि उल्लिखित प्रश्नहरुको उत्तर सत्य भएको, तरकारी खेती बारे यथार्थ ढङ्गले वर्णन गरिएको व्यहोरा प्रत्याभूत गर्दछु/गर्दछौं । मैले/हामीले बीमासङ्ग सम्बन्धित कुनै पनि सूचना, विवरण वा तथ्य लुकाएको,छिपाएको छैन । यो प्रस्ताव बीमक र म/हामी बीच हुने सम्झौताको आधार हुने कुरा स्वःघोषणा गर्दछु/गर्दछौं। यसमा लेखिएको व्यहोरा ठिक, साँचो छ, झुठ्ठा भएको प्रमाणित भएमा कानून बमोजिम सहुँला बुँझुला।

**प्रस्तावकको**

हस्ताक्षरः

नाम(संस्था वा व्यक्तिगत)ः

संस्था भए संस्थाको छापः

संस्थाको हकमा संस्थाको आधिकारिक प्रतिनिधिको नामः

मितिः

**...............इन्स्योरेन्स कम्पनी लिमिटेड**

**काठमाण्डौ, नेपाल**

**अनुसूची -४**

**(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)**

**प्राविधिकको जाँच सिफारिसपत्र**

**(प्रस्ताव फाराम साथ संलग्न हुनु पर्ने)**

(१) तरकारी खेती प्रस्तावकको (व्यक्ति वा संस्था) को नामः..................................................

(२) पूरा ठेगानाः प्रदेशः......................जिल्ला....................पालिका....................वडा नं. ...... टोलः......... सम्पर्क नं. ...................... ईमेल.....................................

(३) पेशाः ...................

(४) तरकारी खेतीको जातः.................

(५) तरकारी खेती गरिएको स्थानको विवरणः
प्रदेशः........................जिल्ला.......................पालिका....................वडा नं. ................ टोलः.................

(६) तरकारी खेतीलगाईएको जग्गाको भौगोलिक अवस्थितिः-
(क) समुन्द्र सतहबाट तरकारी खेती गरिएको जग्गाको उचाईः ...................

(७) बीमा गर्न लागिएको तरकारी खेतीमा कुनै रोग/कीराको संक्रमण देखु भएको छ? यदि छ भने कुन रोग वा किराको संक्रमण देखिएको छ उल्लेख गर्नुहोस्।
